# नेपाल सहकारी संस्था लिमिटेडको
# ३0औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रकाशित मिति २०८२/०८/०५ गते)**

यस नेपाल सहकारी संस्था लि.को मिति २०८२ साल कार्तिक महिना २६ गते बुधबार बसेको संचालक समितिको निर्णय अनुसार संस्थाको ३०औं बार्षिक साधारण सभा मिति २०८२/०९/०५ मा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल र निर्णय गर्न बस्ने भएको हुँदा उक्त समयमा सहभागी भई साधारण सभाको उपस्थिति पुस्तिकामा आफ्नो नामदर्ता गर्ने, वार्षिक प्रतिवेदन लिने र सुझाव एवं जिज्ञासा भए लिखित रुपमा पठाई दिनहुन समेत शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

| | | |
|---|---|---|
| मिति | : | २०८२ साल पौष महिना ०५ गते, शनिबार। |
| समय | : | बिहान १०:०० देखि शुरु। |
| स्थान | : | होटल एल्लो पगोडा, कान्तिपथ, काठमाण्डौ। |

**छलफलका विषयहरु :**

क. संचालक समितिका तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
ख. लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
ग. आर्थिक वर्ष ०८१/०८२ को लेखा परीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान र नगद प्रवाह हिसाव पारित गर्ने।
घ. आर्थिक वर्ष २०८२/०८३ को नीति, वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने।
ङ. आर्थिक वर्ष २०८२/०८३ को लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने।
च. संस्थाको आन्तरिक नीति, निर्देशिका र कार्यविधीहरुलाई समयानुकुल संशोधन गर्ने।
छ. बाह्य दायित्व सम्बन्धमा।
ज. आ.व.०८१/०८२ मा संचालक समितिले गरेका निर्णय तथा कार्यहरुको अनुमोदन गर्ने।
झ. आगामी आ.व. ०८२/०८३ मा सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अधिकार दिने।
ञ. नियमनकारी निकायबाट दिएको निर्देशन सम्बन्धमा।
ट. वार्षिक साधारण सभाको निर्णय पुस्तिका (माइनुट) लाई प्रमाणित गर्न शेयरधनी सदस्यहरुको तर्फबाट १० जना प्रतिनिधीहरु नियुक्त गर्ने।
ठ. विविध।

आज्ञाले,
सचिव
संचालक समिति

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. साधारण सभामा छलफलको लागि कुनै प्रस्ताव राख्नु पर्ने भएमा मिति २०८२/०८/२६ गते कार्यालय समय भित्र लिखित रुपमा पेश गर्नु पर्ने छ। वार्षिक साधारण सभाको प्रतिवेदनहरु संस्थाको बागबजार कार्यालयमा आई रिसेप्सनबाट प्राप्त गर्न सक्नु हुनेछ।
२. साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले शेयर परिचयपत्र वा आफ्नो परिचय खुल्ने कुनै सरकारी कागजात साथमा लिई आउनु हुन अनुरोध छ।
३. सभामा आफ्नो मन्तब्य वा प्रश्नहरु व्यक्त गर्न इच्छुक शेयरधनीहरुले अध्यक्षज्यूले तोकेको समयमा आफ्नो नाम लेखाउनु पर्नेछ। अध्यक्षज्यूले सामूहिक रुपबाट उत्तर दिनुहुने छ।
४. शेयरधनी महानुभावहरुलाई साधारण सभा सम्बन्धी वार्षिक प्रतिवेदन पत्र सहित पठाई सकिएको व्यहोरा अनुरोध छ। पत्र प्राप्त नभए पनि यसै सूचनालाई आधारमानि उल्लेखित मिति, समय र स्थानमा साधारण सभामा उपस्थित भई सहभागी भईदिनु हुन अनुरोध छ।
५. साधारण सभाको प्रतिवेदन उपर आफ्नो जिज्ञासा, राय तथा सुझाव भएमा सो समेत समिटिने गरी लिखितरुपमा कार्यालयमा पठाउने वा संस्थाको Email : www.ncslktm1@gmail.com मा २०८२ साल मंसिर महिना २६ गते भित्र पठाइ दिनहुन अनुरोध गरिन्छ।
६. साधारण सभा सम्बन्धी अन्य जानकारीका लागि संस्थाको प्रधान कार्यालय, बागबजार, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध छ।


**नेपाल सहकारी संस्था लिमिटेड**
प्रधान कार्यालयः अराधन कम्प्लेक्स, बागबजार, काठमाण्डौ
फोनः ५३६७९३९, ५३६६६४४, ५३४८१२८
Website: www.nepalcoop.com